# 多言語情報コーナー　　（令和７年　９月号）

## (१) जनगणना कार्यान्वयन गरिने बारे जानकारी !

जनगणना भनेको, सन् २०२५ साल अक्टोबर १ तारीख सम्म, जापानमा बसोबास गर्ने सबै मानिसहरूको संख्या र पारिवारिक संरचना पत्तालगाउन गरिने प्रक्रिया हो । यो, पाँच बर्षमा एकपटक गरिने जापानको सबैभन्दा महत्त्वपूर्ण सर्वेक्षण हो । यसले उमेर, लिङ्ग, पारिवारिक संरचना, बसोबासको प्रकार, पेशा, र अन्य जानकारीको सर्वेक्षण र संकलन गर्दछ ।

जनगणनाले जापानमा बस्ने सबैलाई समेट्ने हुनाले, राष्ट्रियताको पर्वाह नगरी, विदेशीहरु पनि सर्वेक्षणको दायरामा पर्दछन् । तीन महिना भन्दा बढी समयदेखि बस्दै आएको ठाऊँ, अथवा तीन महिना भन्दा बढ़ी बस्ने योजना भएका ठाऊँहरुमा सर्वेक्षण गरिन्छ ।

प्रश्नावलीमा भरेका जानकारी, केवल एकत्रीकरण उद्देश्यका लागि प्रयोग गरिन्छ । एकत्रीकरण त्यस्तो तरिकाले गरिनेछ जसले व्यक्तिहरूको पहिचान हुनेछैन । उक्त जानकारी प्रहरी वा अध्यागमन ब्यूरोसँग साझा गरिने छैन ।

जनगणना तथ्याङ्क ऐन अन्तर्गत गरिन्छ, त्यसैले सर्वेक्षणको जवाफ दिनु अनिवार्य गरिएकोछ । सर्वेक्षणमा उत्तर दिन अस्वीकार गरेमा वा गलत उत्तर दिएमा जरिवाना हुन सक्छ ।

यहि सेप्टेम्बरको अन्त्यदेखि, गणकहरूले प्रत्येक घरपरिवारमा भ्रमण गर्नेछन् र सर्वेक्षण कागजातहरू वितरण गर्नेछन् । उत्तर दिने तरिका, कम्प्युटर वा स्मार्टफोन प्रयोग गरेर अनलाइन उत्तर दिन सकिन्छ । अनलाइन मार्फत उत्तर नदिनेहरूले कागजी सर्वेक्षण फारम भरेर, तोकिएको बुझाउने खाममा राखि पोस्ट बक्समा खसाल्नु पर्नेहुन्छ । चाहेको खण्डमा, भरेको सर्वेक्षण फारम, एक गणकले पछिबाट संकलन गर्न आउनेछन् ।

अनलाइन उत्तर दिने हो भने, अंग्रेजी, सरलीकृत चिनियाँ, परम्परागत चिनियाँ, कोरियाली, भियतनामी, स्पेनिश र पोर्चुगिज गरेर सात भाषाहरूमा जवाफ दिन सकिन्छ । यदि कागजी प्रश्नावलीद्वारा उत्तर दिने हो भने, २८ भाषाहरूमा जवाफ दिन द्विभाषी प्रश्नावली संग्रह प्रयोग गर्न सकिन्छ ।

अनलाइनबाट उत्तर दिने अवधि सेप्टेम्बर २० देखि अक्टोबर ८ सम्म र कागजी प्रश्नावलीहरूको उत्तर दिने अवधि अक्टोबर १ देखि अक्टोबर ८ सम्म रहेकोछ ।

यहाँहरु सबैको सहयोगको लागि अनुरोध गरिन्छ ।

## (२) इलेक्ट्रोनिक प्रमाणपत्रको म्याद सकिने मितिको बारेमा जानकारी !

के तपाईंसँग "माई नम्बर स्वास्थ्य बीमा कार्ड" छ? यो स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोगको लागि दर्ता गरिएको माई नम्बर कार्ड हो । तपाईं चिकित्सा संस्था र फार्मेसीहरूमा आफ्नो माई नम्बर कार्डलाई आफ्नो स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्न सक्नुहुन्छ । चेक-इन गर्नको लागि अनुहार पहिचान भएको कार्ड रिडरमा आफ्नो माई नम्बर कार्ड राख्नु पर्दछ ।

आफ्नो माई नम्बर स्वास्थ्य बीमा कार्ड प्रयोग गर्दा, तपाईंले इलेक्ट्रोनिक प्रयोगकर्ता प्रमाणपत्रको रूपमा चार-अङ्कको नम्बर प्रविष्ट गर्नुहुन्छ । यो इलेक्ट्रोनिक प्रमाणपत्रले लग इन गर्ने व्यक्ति तपाईं नै हुनुहुन्छ भनेर प्रमाणित गर्छ ।

यो इलेक्ट्रोनिक प्रमाणपत्रको म्याद सकिने मिति हुन्छ । उमेर जतिसुकै भए पनि, यो जारी भएको मितिबाट तपाईंको पाँचौं जन्मदिनमा म्याद सकिन्छ । तपाईंले म्याद सकिने मिति अघि नवीकरण प्रक्रिया पूरागर्नु आवश्यक छ ।

म्याद सकिने मिति भन्दा दुई देखि तीन महिना अगाडि तपाईंले मेलमा "म्याद सकिने सूचना" प्राप्त गर्नुहुनेछ । प्रक्रिया पूरा गर्न कृपया आफ्नो माई नम्बर कार्ड र प्राप्त गर्नुभएको सूचना लिएर तोचिगी शियाकुस्यो को मुख्य भवन वा कुनै पनि सामान्य शाखा कार्यालयको काउन्टरमा जानुहोस् ।

म्याद सकिने मिति पछि तीन महिनासम्म तपाईंले आफ्नो माई नम्बर स्वास्थ्य बीमा कार्ड प्रयोग गरेर चिकित्सा उपचार प्राप्त गर्न जारी राख्न सक्नुहुन्छ, तर म्याद सकिने मितिबाट तीन महिना बितिसकेपछि, तपाईंको माई नम्बर स्वास्थ्य बीमा कार्ड अब मान्य हुनेछैन ।

## (३) तोचिगी शहर ठूला परिवारहरूको लागि विशेष जीवनयापन सहयोग अनुदान बारे जानकारी !

खाद्यान्न तथा अन्य वस्तुहरूको मूल्य वृद्धिले विशेष गरी प्रभावित, विश्वविद्यालय उमेर भन्दा मुनिका तीन वा सोभन्दा बढी बच्चाहरू हुर्काउने परिवारहरूको लागि, शहरको आफ्नै पहल अन्तर्गत, विशेष अनुदान प्रदान गरिनेछ। यो अनुदान तेश्रो बच्चा पछिका प्रति बच्चा लाई १०,००० येन रहेकोछ। यो एकपटक मात्र प्रदान गरिने अनुदान हो।
यो अनुदानको लागि योग्य बालबालिकाहरू सन् २००२ साल अप्रिल २ तारीख देखि सन् २०२६ साल फेब्रुअरी २८ तारीखको बिचमा जन्मेकाहरु पर्दछन्।
तोचिगी शहर भित्रको ठेगाना भएका व्यक्तिहरूले मात्र अनुदानको लागि आवेदन दिन सक्छन्।
सन् २०२५ साल मार्च महिनाको ३१ तारीख सम्ममा, तोचिगी शहरको बाल भत्ता जानकारीमा तीन वा सोभन्दा बढी योग्य बालबालिकाहरु दर्ता भएका छन् भने, तपाईंले आवेदन दिन आवश्यक छैन, सेप्टेम्बर महिनाको अन्त्यमा तपाईंको दर्ता गरिएको बाल भत्ता खातामा भुक्तानी पठाईनेछ।
बाल भत्ता पाउन योग्य व्यक्तिहरूलाई अगस्त महिनाको १३ तारीखमा सूचना पठाईनेछ।
त्यस बाहेकका व्यक्तिहरुलाई, आवेदन पेशगर्न आवश्यक छ। त्यसको लागि, कृपया तोचिगी शियाकुस्योको मुख्य भवनमा रहेको कोसोदाते सोउमु-का (चाइल्डकेयर जनरल अफेयर्स डिभिजन) मा सम्पर्क गर्नुहोला।